आज मिति २०८० साल मंसिर १७ गते आइतबारको दिन बिहान ११:०० बजे विगु गाउँपालिकाका अध्यक्ष श्री संजिव ओलीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायानुसार निर्णय गरियो ।

उपस्थिती :

| क्र.स. | नाम थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| 1 | संजिव ओली | अध्यक्ष | 9851004295 | |
| 2 | देविका थामी | उपाध्यक्ष | 9844395653 | |
| 3 | मेम वहादुर तमाङ | वडा अध्यक्ष - १ | 9844465149 | |
| 4 | दिपक ठकुरी | वडा अध्यक्ष - २ | 9844306572 | |
| 5 | ढाल बहादुर तमाङ | वडा अध्यक्ष - ३ | 9864004147 | |
| 6 | राम चन्द्र खड्का | वडा अध्यक्ष - ४ | 9863637498 | |
| 7 | काले शेर्पा | वडा अध्यक्ष - ५ | 9844238430 | |
| 8 | टहल बहादुर थामी | वडा अध्यक्ष - ६ | 9854045940 | |
| 9 | दल बहादुर श्रेष्ठ | वडा अध्यक्ष - ७ | 9849170321 | |
| 10 | हिरा थामी | वडा अध्यक्ष - ८ | 9866419510 | |
| 11 | गोमा के.सी. | कार्यपालिका सदस्य | 9844196396 | |
| 12 | ज्योती माया थामी | कार्यपालिका सदस्य | 9844555899 | ज्योती |
| 13 | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | 9851053461 | |
| 14 | टलमाइ तमाङ | कार्यपालिका सदस्य | 9866438101 | टलमाई |
| 15 | मैया नेपाली | कार्यपालिका सदस्य | 9860410065 | |
| 16 | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | 9864002654 | |
| 17 | जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत | | |

१८. सुमित्रा रिजाल प्रशासन शाखा

मिति २०८०।०८।१७ गतेको विगु गाउँपालिकाको कार्यपालिकाको बैठकको निर्णयहरु :

प्रस्तावहरुः

१. विपन्न नागरिक उपचार खर्च सम्बन्धमा
२. क्षतिपूर्ति सम्बन्धमा
३. गाउँपालिकाको स्थानीय ऐन तथा कार्यविधि सम्बन्धमा
४. कोशेली घर व्यवस्थापन सम्बन्धमा
५. फार्मेसी सञ्चालन सम्बन्धमा
६. रोजगार संवाद मञ्च पुर्नगठन सम्बन्धमा
७. योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धमा
८. पालिकाको योजनाहरु कार्यान्वयन सम्बन्धमा
९. गाउँपालिका भवन म्याद थप सम्बन्धमा
१०. ठेक्का नं. BRM/NCB/KHANEPANI/DOLAKHA/08/2078/79 CONSTRUCTION OF BIGU GAUPALIKA BRIHAT KHANEPANI YOJANA सम्बन्धमा

निर्णयहरुः

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाका निम्न बमोजिम व्यक्तिहरुलाई विपन्न नागरिक उपचार अन्तर्गत रु. २५,०००/- (रु. पच्चीस हजार मात्र) प्रतिव्यक्ति उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | नाम, थर | ठेगाना |
|---|---|---|
| १ | एके बहादुर थामी | आलम्पु, विगु-६ |
| २ | हरि बहादुर खत्री | लादुक, विगु-४ |
| ३ | हिरालाल ओली | चिलंखा, विगु-५ |

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा निम्न बमोजिम व्यक्तिहरुको घर गोठमा आगलागि भई पशुधन लगायत जलि नष्ट भएकोले क्षतिपूर्ति वापत रु. १०,०००/- (रु. दश हजार मात्र) प्रतिपरिवार उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | नाम, थर | ठेगाना |
|---|---|---|
| १ | दिल बहादुर खत्री | लादुक, विगु-४ |
| २ | सेठ बहादुर खड्का | लादुक, विगु-४ |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको निम्नानुसारको ऐन तथा कानूनहरु पारित गर्ने निर्णय गरियो ।

क. विगु स्वास्थ्य ऐन, २०८०

ख. मदिरा नियन्त्रण ऐन, २०८०

ग. स्थानीय यातायात सञ्चालन कार्यविधि, २०८०

४. विगत लामो समयदेखि बन्द रहेको कोशेली घरमा रहेको सामाग्रीहरु लगायत आय/व्ययको हरहिसाव फरफारक गर्न कोशेली घर व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो । साथै कोशेली घरमा रहेको सामाग्रीहरु गणना गरी संख्या यकिन प्रमाणित गर्न निम्नानुसारको समिति बनाउने निर्णय गरियो ।

| | |
|---|---|
| उपाध्यक्ष श्री देविका धामी | -संयोजक |
| वडाध्यक्ष श्री रामचन्द्र खड्का | -सदस्य |
| वडाध्यक्ष श्री काले शेर्पा | -सदस्य |
| उद्यम विकास सहजकर्ता ललित भण्डारी | -सदस्य |
| समितिको तर्फबाट एकजना | -सदस्य |

उपरोक्तानुसारको कोशेली घरको सामाग्रीहरु बुझी पुनः अन्य उपयुक्त स्थानमा सञ्चालन गर्न/गराउन विगु गाउँपालिकाका वडा नम्बर ५ का वडाध्यक्ष श्री काले शेर्पालाई जिम्मेवारी दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा बन्द रहेको कोशेली घर रहेको सटरमा फार्मेसी सञ्चालन गर्न सम्भव रहे/नरहेको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न स्वास्थ्य शाखालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा विगु गाउँपालिकाको रोजगार सम्वाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को दफा ३ बमोजिमको रोजगार सम्वाद मञ्च निम्नानुसार गठन गरियो ।

| | |
|---|---|
| गा.पा. अध्यक्ष | -संयोजक |
| गा.पा. उपाध्यक्ष | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| आ.वि.स. संयोजक श्री रामचन्द्र खड्का | -सदस्य |
| सा.वि. संयोजक श्री गोमा के.सी. | -सदस्य |
| गै.स.स. प्रतिनिधि श्री | -सदस्य |
| निर्माण व्यवसायी प्रतिनिधि श्री | -सदस्य |
| उ.वा. संघ प्रतिनिधि श्री महेश श्रेष्ठ | -सदस्य |
| सहकारी संजाल प्रतिनिधि श्री | -सदस्य |
| नागरिक समाज प्रतिनिधि श्री | -सदस्य |
| सञ्चार समूह प्रतिनिधि श्री | -सदस्य |
| तालिम प्रदायक संस्थाको प्रतिनिधि श्री | -सदस्य |
| रोजगार संयोजक | -सदस्य सचिव |

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोषको च.नं. ६०१ मिति २०८०/०६/१७ को पत्रानुसार सामाजिक सुरक्षा कोषमा अनिवार्य सूचिकृत भई आफूसँग रोजगार सम्बन्धमा रहेका सबै श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा सूचीकरणका लागि अनुरोध भई आएकोमा सो व्यवस्था कार्यान्वयनका लागि नीतिगत, आर्थिक (आवश्यक बजेट तथा

सम्भावित श्रोत) लगायत सम्पूर्ण पक्षहरुको अध्ययन गरी आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न रोजगार शाखालाई जिम्मेवारी प्रदान गर्ने र सो सम्बन्धमा यस गाउँपालिका भित्रका सम्पूर्ण प्रतिष्ठानहरुलाई समेत कार्यान्वयनका लागि पत्राचार गर्ने निर्णय गरियो ।

८. पालिकाको समपुरक तथा सशर्त बाहेकका रु. एक करोड भन्दा कम लागतका योजनाहरु उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासकीय भवन बनाउने बानियाँ त्रिवेणी जे.भी.को म्याद २०८० असार १० मा समाप्त भएको, २०८० पौष मसान्तसम्मको लागि म्याद थपको लागि टिप्पणी उठिसकेको तर कार्यपालिकाबाट सदर हुन बाँकि रहेको अवस्थामा हालसम्म पनि काम सम्पन्न हुने अवस्था नदेखिएकोले २०८० पुष मसान्तबाट नियमानुसार म्याद थप नगरिने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा बृहत खानेपानी योजनाको ठेक्का नं. BRM/NCB/KHANEPANI/DOLAKHA/08/2078/79 CONSTRUCTION OF BIGU GAUPALIKA BRIHAT KHANEPANI YOJANA को धरौटी रकम कट्टा गरी आवश्यक मर्मत संभार गर्ने निर्णय गरियो।